# स्थानीय राजपत्र

शैलुङ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १)		संख्याः ०५,		०२ फागुन, २०७४


## भाग–१

### शैलुङ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय काटाकुटी दोलखा
### प्रदेश नं. ३, नेपाल

## विपद व्यवस्थापन नियमित र व्यवस्थित गर्न बनेको कानून, २०७४

**प्रस्तावनाः** प्राकृतिक तथा मानवीय प्रकोपको जोखिमबाट समुदायलाई बचाउन, प्रकोप पीडितलाई तत्काल खोज, उद्धार, राहात पुन स्थापना र प्रकोपको जोखिम न्यूनिकरणको लागि विपद् व्यवस्थापन विशेष कोष स्थापना गर्न, त्यस्तो कोषमा रकम विनियोजन गर्न कोषमा जम्मा भएका रकम खर्च गर्न एवम विपद् जोखिमलाई व्यवस्थापन गर्न सबै तहमा विस्तार गरी विकासनीति तथा कार्याक्रममा प्रवाहीकरण गर्नुपर्ने यर्थाथतालाई आत्मसाथ गर्दै दीगो विकासको मान्यतालाई सुनिश्चित गर्न , प्रभावित सबै वर्ग वा समुदाय वा क्षेत्रको पहुँच र स्वामीत्व हुने गरी स्थानीय स्रोत साधन तथा

क्षमताको अधिकतम परिचालन गर्दै विपद् जोखिम व्यवस्थापनलाई सहभागितामुलक, पादरदर्शी , उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन आवश्यक भएकाले नेपालको संविधान २०७२ को धारा २२६ ले दिएको अधिकार प्रयोग गरी मिति २०७४ माघ २० गते बसेको गाउँसभाको दोस्रो बैठकले “विपद व्यवस्थापन नियमित र व्यवस्थित गर्न बनेको कानून, २०७४”स्वीकृत गरी लागु गरिएकोछ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कानूनको नाम “विपद व्यवस्थापन नियमित र व्यवस्थित गर्न बनेको कानून २०७४” रहनेछ।

(ख) यो कानून तुरुन्त प्रारम्भ हुनेछ।

**२. <u>परिभाषा :</u>** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कानूनमा :

क) “कानून” भन्नाले “ विपद व्यवस्थापन नियमित र व्यवस्थित गर्न बनेको कानून २०७४ लाई जनाउँछ।

ख) “गाउँ कार्यपालिका” भन्नाले शैलुङ गाउँपालिको गाउँकार्यपालिकालाई जनाउँछ।

ग) “प्रकोप” भन्नाले कुनै खास अवधि र निश्चित भौगोलिक क्षेत्रभित्र रहेको स्वरुप, क्रियाकलाप वा प्राकृतिक कारणले हुन सक्ने घटना हो, जसले वातावरण, धनजनमा हुने सम्भावित क्षति वा विपद समेतलाई जनाउँछ।

घ “विपद” भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था भई जनधनको क्षतीको साथै जीपनयापनमा प्रतिकूल असर पार्ने प्राकृतिक गैर प्राकृतिक विपदलाई सम्झनुपर्छ।

ङ) “गैर सरकरी संस्था” भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रचालित कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग सम्बन्ध राखी कार्य सञ्चलान गर्ने गैर नाफामूलक संस्था सम्झनुपर्छ।

च) “गाउँसभा” भन्नाले शैलुङ गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ।

छ) “गाउँपालिका” भन्नाले शैलुङ गाउँपालिकालाई सम्झनु पर्दछ।

ज) “अध्यक्ष ” भन्नाले शैलुङ गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले शैलुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ञ) “वडा अध्यक्ष” भन्नाले शैलुङ गाउँपालिका अन्तर्गत वडा समितिको अध्यक्षलाई सम्झनु पर्दछ।

ट) “वडा सचिव” भन्नाले शैलुङ गाउँपालिका अन्तर्गत वडा समितिको सचिवलाई सम्झनु पर्दछ।

ठ) “समुदायमा आधारित संस्था” भन्नाले जनचेतान सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावशी विकास, विपद व्यवस्थापन र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्बन गरी प्रचलित कानून बमोजिम स्थापना भएकमा संस्था सम्झनु पर्छ।

ड) “विपद व्यवस्थापन समिति” भन्नाले विपद जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ बमोजिम गाउँपालिका, वडा तथा समुदाय तहमा गठन भएका विपद व्यवस्थापन समिति तथा विपद व्यवस्थापन क्षेत्रमा कार्य गर्ने मूल उद्देश्य लिएर गठन भएका अन्य समितिहरुलाई समेत सम्झनु पर्छ।

ढ) “सामुदायिक प्रकोप व्यवस्थमपन समिति” भन्नाले विपदको सामना गरी सुरक्षित समुदायको विकासका लागि समुदाय तहमा विपद पूर्व तयारी, प्रतिकार्य तथा पुनःस्थापना जस्ता कार्य गर्ने उद्देश्यले गठन भई गाउँपालिकाका सूचीकृत सामुदायिक संस्थालाई सम्झनु पर्दछ।

ण) “कोष ” भन्नाले दफा- १९ बमोजिमको विपद व्यवस्थापन कोष सम्झनु पर्छन।

त) “गैर प्राकृतिक विपद” भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सुक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्ल्यु सर्पदंश, जनावर आतङ्क, खानी, हवाइ सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायनिक विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण वन विनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक प्रकोपबाट उत्पन्न विपद सम्झनु पर्दछ। थ) “प्राकृतिक विपद” भन्नाले हीमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिबृष्टि , अनाबृष्टि, बाढी, पहिरो तथा भ-ूक्षय, डुबान, हिमपात, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो यस्तै अन्य प्राकृतिक प्रकोपबाट उत्पन्न जुनसुकै विपद सम्झनुपर्छ।

द) "विपद खोज तथा उद्धार समूह" भन्नाले विपदको बेला उद्धार गर्न क्रियाशील विपद व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टकृत खोजतथा उद्धार समूह सम्झनुपर्छ र सो शब्दले तालीम प्राप्त मानविय सहायता कर्मीलाई समेत जनाउँछ।

ध) "विपद जोखिम न्यूनीकरण" भन्नाले विपद पूर्व गर्ने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद रोकथाम विपदबाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनुपर्छ।

(न) "विपद पुनर्लाभ" भन्नाले विपदको घटना पश्चात गरिने पुनर्निर्माण तथा पुनस्थापना सँग सम्बन्धित कार्यलाई सम्झनुपर्छ।

(प) "विपद प्रतिकार्य" भन्नाले विपदको घटना घट्नासाथ तत्कालै गर्ने उद्धार तथा राहत सँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद प्रतिकार्यको पूर्व तयारीलाई समेत जनाउँछ।

(फ) "वपद व्यवस्थापन" भन्नाले विपद जोखिम न्यूनीकरण, विपद प्रतिकार्य र विपद पुनर्लाभ सँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ।

(ब) "व्यवसासियक प्रतिष्ठान"भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ मल, बहुउद्देश्यीय व्यापारीक भवन जस्ता तोकिए बमोजिमका व्यवसायिक प्रतिष्ठान सम्झनुपर्छ।

(भ) "सार्वजनिक संस्था" भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजिम स्थापना भएका संगठिन संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनुपर्छ।

(म) "सुरक्षा निकाय"नाले नेपाली सेना, नेपाल प्रहरी, सशत्र प्रहरी बल, नेपाल, राष्ट्रिय अनुसन्धान विभाग, प्रदेश प्रहरी तथा नगर प्रहरी समेत सम्झनुपर्छ।

३. **<u>उद्देश्य : यस कानूनको उद्देश्य देहाय बमोजिम हुनेछ :</u>**

क) सम्भावित विपदको जोखिम कम गर्न, विपदको समयमा आपत्कालीन कार्य सम्पादन गर्न र विपद पश्चात पुनःस्थापना तथा पुनर्निर्माणका लागि दिशा निर्देश गर्न तयार गरिएको योजनाबद्ध कार्यक्रम, कार्य जिम्मेवारी तथा बजेट सहितको ढाँचा तयार गर्ने,

ख) स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा गर्न न्यूनतम आधार तथा साझा मापदण्ड निर्धारण गर्ने,

ग) गाउँपालिकामा रहेका विपदको सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद जोखिम व्यवस्थापनका प्राथमिकता प्राप्त कार्यक्रम सहितको योजना तर्जुमा गरी विपद उत्थानशील समुदायको निर्माणमा योगदान गर्ने,

घ) स्थानीय तहका नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्गको समानुपातिक सहभागिता सुनिश्चित गरी विपद जोखिम व्यवस्थापनलाई संस्थागत गर्न मार्ग प्रशस्त गर्ने ,

ङ) प्राकृतिक तथा मानवीय प्रकोपको जोखिमबाट समुदायलाई बचाउन, प्रकोप पीडितहरुका लागि तत्काल खोज, उद्धार, राहत पुनस्थापना कार्यक्रम सञ्चालन गर्ने ,

४. **कानूनको कार्यान्वयन र सीमा :**

यस कानूनको प्रयोग स्थानीय तहले आफ्नो नियमित योजना तर्जुमा प्रक्रियाको अभिन्न अङ्गको रुपमा गर्नेछ । कानूनको प्रयोगबाट गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन हुने विपद जोखिम व्यवस्थापन सम्बन्धी योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रभावित समुदायलाई उपलब्ध गराउने सेवा तथा सुविधाको प्रवाहसम्म मात्र यसको उपयोग गरिनेछ।

## परिच्छेद -२
## विपद व्यवस्थापन समितिको संरचना, काम, कर्तव्य र अधिकार

५. **वडा स्तरीय विपद व्यवस्थापन समितिको गठन र बैठक सम्बन्धी व्यवस्था :**

प्राकृतिक तथा मानवीय प्रकोपको जोखिमबाट समुदायलाई बचाउने, प्रकोप पीडितलाई तत्काल उद्धार गर्ने, पुन स्थापना गराउने, राहत प्रदान गर्ने र प्रकोपको न्यूनीकरणको लागि पूर्व तयारी गर्ने कार्यको समन्वय गर्न देहाय बमोजिमको वडा स्तरीय विपद व्यवस्थापन समिति गठन गरिनेछ।

(क) वडा समितिको अध्यक्ष - अध्यक्ष

(ख) वडा समितिका सदस्यहरु - सदस्य

(ग) नेपाल रेडक्रस सोसाइटी, उप-शाखाका सभापति वा प्रतिनिधि एक जना - सदस्य

(घ) समुदायमा आधारित विपद व्यवस्थापन समिति मध्येबाट अध्यक्षले मनोनयन गरेको एक जना - सदस्य

(ङ) विपद व्यवस्थापनको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाको प्रमुख या प्रतिनिधी मध्ये समितिले मनोनयन गरेको एक जना -सदस्य

(च) स्थानीय वडामा उपलब्ध विपद व्यवस्थापन सम्बन्धी विज्ञ मध्ये ससितिले मनोनयन गरेको एक जना -सदस्य

(झ) स्थानीय गैरसरकारी संस्था/सामाजिक संस्था/सामुदायिक सस्था मध्ये समितिले मनोनयन गरेको तीन जना -सदस्य

झ) राष्ट्रिय स्तरका राजनितिक दलका वडा स्तरीय प्रतिनिधि -सदस्य

(ज) वडा कार्यालयको सचिव -सदस्य सचिव

**६. समितिको बैठक कम्तीमा तीन महिनाको एक पटक र आवश्यकता अनुसार बस्नेछ । समितिले आवश्यकता अनुसार अन्य सरकारी कार्यालय, गैरसरकारी संघ/संस्था र विभिन्न निकायहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।**

**७. वडा स्तरीय विपद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

विपद व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :-

(क) वडा भित्र आकस्मिक रुपमा आउन सक्ने मानवीय तथा प्राकृतिक प्रकोपको जोखिम न्युनिकरणको लागि पूर्व तयारी

(ख) आकस्मिक रुपमा आएको मानवीय तथा प्राकृतिक प्रकोपबाट पीडितहरुको खोज, उद्धार, राहत पुनःस्थापना लगायतका कार्यमा सहयोग र समन्वय गरी सोको प्रतिवेदन वडास्तरीय विपद व्यवस्थापन समितिमा पेश गर्ने,

(ग) विपदबाट क्षति ग्रस्त भौतिक संरचनाहरुको पुनर्निर्माणको लागि वडास्तरीय विपद व्यवस्थापन समितिमा पेश गर्ने,

(घ) विपदमा परेकाहरुलाई सहयोगको लागि आएको निवेदनमाथि छलफल गरी आवश्यक सहयोग उपलब्ध गराउने,

(ङ) प्रकोप न्यूनकिरणको लागि योजना तथा कार्यक्रम तयार गरी कार्यान्वयनको लागि गाउँ कार्यपालिकामा पेश गर्ने,

(च) गाउँ कार्यपालिका बैठकको निर्णय बमोजिम विपद व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने।

८. **वडा स्तरीय विपद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**
गाउँ पालिका स्तरीय विपद व्यवस्थापन समिति देहाय बमोजिम गठन हुनेछ :

| क्र.सं. | प्रतिनिधित्व | पद |
|---|---|---|
| १. | गाउँपालिकाको अध्यक्ष | अध्यक्ष |
| | गाउँपालिकाको उपाध्याक्ष | सदस्य |
| २. | वडा अध्यक्ष मध्येबाट गाउँ कार्यपालिकाले मनोनयन गरेका तीन जना | सदस्य |
| ३. | विपद परेका वडाको वडा अध्यक्ष | सदस्य |
| ४. | वडा सदस्यहरू मध्येबाट गाउँसभाले मनोनयन गरेका दुईजना वडा सदस्यहरू (एक जना महिला सहित) | सदस्य |
| ५. | राष्ट्रिय स्तरका राजनीतिक दलका गाउँपालिका स्तरीय प्रतिनिधि | सदस्य |
| ६. | नेपाल रेडक्रस सोसाइटी, स्थानीय गैरसरकारी संस्था, सामुदायिक संस्था, सामाजिक संघ संस्था वा प्रतिष्ठित समाजसेवी मध्ये गाउँ कार्यपालिकाले मनोनित गरेका चारजना (कम्तिमा एकजना महिला, एकजना दलित, एकजना जनजाती अनिवार्य पर्ने गरी) | सदस्य |
| ७. | स्थानीय स्तरमा उपलब्ध विपद व्यवस्थापन सम्बन्धी विज्ञ मध्ये अध्यक्षले मनोनयन गरेका दुई जना | सदस्य |
| ८. | गाउँपालिका क्षेत्रभित्र विपद व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गरेका गैरसरकारी संस्थाहरु मध्येबाट अध्यक्षले मनोनयन गरेको एक जना | सदस्य |
| ९. | गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

९. **गाउँपालिका स्तरीय विपद व्यवस्थापन समितिको काम कर्तव्य तथा अधिकार :**
गाउँपालिका स्तरीय विपद व्यवस्थापन समितिको काम कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :-

क) गाउँसभाबाट स्वीकृत नीति तथा योजना एवम कार्यविधि र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

ख) गाउँपालिकालाई विपद व्यवस्थापनका लागि बजेट विनियोजन गर्न लगाउने,

ग) सरकारी, नीजी एवम गैरसरकारी संस्था, स्थानीय स्वयम सेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

घ) गाउँपालिकाका पदाधिकारी, कर्मचारी, स्थानीय स्वयम सेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

ङ) भौतिक संरचना निर्माण गर्दा विभिन्न संघ-संस्थाहरु लगायत अन्य निकायलाई भौतिक संरचना निर्माण सम्बन्धी स्वीकृत निर्देशिका, कार्यविधि तथा मापदण्डको पालना  गर्न लगाउने,

च) स्थानीय समुदायलाई विपद प्रति जागरुक बनाउन, विपदसँग सम्बन्धित योजना तर्जुमा गर्न तथा विपदको घटना हुनासाथ प्रतिकार्यका लागि परीचालित हुन वडा तथा समुदाय स्तरमा विपद पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

छ) विपद प्रतिकार्यका लागि आपतकालीन नमूना अभ्यास गर्ने, गराउने,

ज) विपद प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहतको व्यवस्था गर्ने,

झ) विपद व्यवस्थापन सम्बन्धमा सामाजिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले यस कानून बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

ञ) गाउँपालिकामा विपद व्थवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

ट) स्थानीय स्तरमा आपतकालीन  कार्य सञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

ठ) विपदमा परी हराएका व्यक्तिहरु, बिग्रेका वा विपदमा परी नष्ट भएका र नभेटिएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

ड) विपदबाट प्रभावित घरपरिवारको पहिचान, स्थानान्तरण तथा परिचयपत्र वितरण गर्ने, गराउने,

ढ) विपदको समयमा प्रयोग गर्न सकिने गरी बारुण यन्त्र, स्टेचर लगायतका अन्य उपकरणहरु तयारी हालतमा राख्न लगाउने,

ण) प्रदेश विपद व्थवस्थापन समिति तथा जिल्ला विपद व्यवस्थापन समिति वा तोकिए बमोजिमको अन्य निकायको निर्णय अनुसार विपद व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने,

**त) अन्य कार्यहरु :**

- गाउँपालिकाको विपद व्यवस्थापन योजना तर्जुमा कार्यान्वयन र अनुगमन गर्ने,
- गाउँपालिकामा गठन हुने विपद व्यवस्थापन समिति र गाउँस्तरमा गठन हुने विपद व्यवस्थापन सम्बन्धी अन्य समिति तथा उप समितिलाई सहयोग पुऱ्याउने ,
- विपद व्यवस्थापनका लागि गाउँस्तरीय विपद व्यवस्थापन कोषको स्थापना र सञ्चालनको व्यवस्था मिलाउने
- विपदको अवस्थामा वा विपद जोखिम न्यूनीकरणका गतिविधिमा तत्कालै बजेट परिचालन हुने व्यवस्था मिलाउने,
- गाउँपालिकाका भौतिक संरचना निर्माण प्रक्रियामा केन्द्रिय सरकार, प्रदेश सरकार तथा गाउँपालिकाबाट लागू भएका नीति निर्देशन कार्यान्वयन गर्ने गराउने,
- सबै सरोकारवालाको सहभागितामा विपद व्यवस्थापन योजना, आपतकालीन कार्ययोजना, पुनःस्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने,
- विपद प्रभावित क्षेत्रमा खोज,उद्धार, राहतको व्यवस्था गर्ने
- गाउँपालिकाको लागि विपद व्यवस्थापन सम्बन्धी आवश्यक दस्तावेज तयार गर्ने,
- विपदका कारण विस्थापित समुदायलाई पुनःस्थापना गर्ने,
- गाउँपालिकाको प्रकोप जोखिम नक्सा बनाउने,
- विकास निर्माणका योजनामा विपद व्यवस्थापन र जोखिम न्यूनीकरणका अवधारणालाई मूल प्रवाहीकरण गर्ने गराउने तथा त्यससँग सम्बद्ध कार्य गर्ने,
- सामुदायिक प्रकोप व्यवस्थापन समितिहरूलाई गाउँपालिकामा आबद्ध गराई तिनीहरुको सूची कायम गरी समितिहरूका कार्यक्रमलाई सघाउने,
- विपद व्यवस्थापन सम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धिका कार्य गर्ने, गराउने,
- विपद व्यवस्थापन प्रक्रियालाई समावेशी र सहभागिता मूलक बनाउन देहाय अनुसारका अन्तर्निहीत क्षेत्रलाई प्राथमिकतामा राख्ने प्रत्याभूति गर्नु पर्नेछ :
  - ✓ लैङ्गिक समानता,
  - ✓ सामाजिक समावेशीकरण,
  - ✓ आपाङ्गता तथा सीमान्तकृत समुदायको पहुँच,

- ✓ जीविकोपार्जनका वैकल्पिक क्षेत्रको पहिचान र पछाडि पारिएका वर्गको पहुँच,
- ✓ प्रभावित समुदायको मानव अधिकारको संरक्षण,
- ✓ प्रतिकार्यमा न्यूनतम मापदण्डको सुनिश्चितता,

- स्थानीय तहको शासन सञ्चालनको सम्बन्धमा ऐन तथा प्रचलित नेपाल कानून बमोजिम केन्द्रिय सरकार, प्रदेश सरकार  राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र दातृ निकायसँग समन्वय गरी विपद व्यवस्थापनका लागि आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्ने,
- विपदबाट क्षतिग्रस्त भौतिक संरचनाहरुको पुनर्निर्माणको लागि समन्वय र सहकार्य गर्ने/गराउने,
- विपदमा परेकाहरुलाई सहयोगको लागि आएको निवेदनमाथि छलफल गरी आवश्यक सहयोग उपलब्ध गराउने तथा सहयोग र समन्वयको लागि सम्बन्धित निकायमा सिफारिश गरी पठाउँने,
- प्रकोप न्यूनिकरणका योजना तथा कार्यक्रम तयार गरी कार्यान्वयनको लागि गाउँ कार्यपालिकामा पेश गर्ने,
- विपदका कारण मानव वस्ती स्थानान्तरण गर्नुपर्ने भएमा स्थानान्तरण गरिने स्थानको निर्धारण गरी कार्यान्वयनको लागि गाउँ कार्यपालिकामा पेश गर्ने,
- विपदमा परेकाहरुका लागि सरकारी तथा गैर-सरकारी संस्था, अन्य निकाय र व्यक्तिबाट प्राप्त जिन्सी सामानहरु एकीकृत गरी संयुक्त कार्यदल बनाई तोकिए बमोजिमका पिडितलाई वितरण गर्ने व्यवस्था मिलाउने,
- विपद व्यवस्थापन कोषमा जम्मा भएको रकम सम्बन्धमा व्यय विवरण तयार गरी स्वीकृतीका लागि गाउँ कार्यपालिकामा पेश गर्ने,
- गाउँ कार्यपालिका बैठकको निर्णय बमोजिम विपद व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने।

## परिच्छेद -३
## विपद जोखिम व्यवस्थापन योजना तर्जुमा

१०. **योजना तर्जुमाका चरणबद्ध प्रक्रिया :**

योजना तर्जुमा गर्दा गाउँपालिकाका सबै वडा, गाउँ-टोल तथा वस्तीका प्रभावित तथा सङ्कटासन्न समुदायको प्रत्यक्ष र समावेशी सहभागिता

सुनिश्चित गर्नुपर्नेछ। योजना तर्जुमा गर्दा समावेशी, सहभागितामूलक र यथार्थ परक बनाउन देहाय अनुसारका प्रक्रियाहरू अवलम्बन गरिनेछ:

१) समन्वय र प्रारम्भिक तयारी
केन्द्रिय तथा प्रदेश स्तरीय विपद व्यवस्थापन समिति, तथा अन्य गैरसरकारी संस्थाको सहयोगमा योजना बनाइने भए उच्च सङ्कटासन्न वडालाई प्राथमिकता दिनु पर्नेछ । यसरी गाउँपालिकाले सङ्कटासन्न स्थल छनौट गर्दा गाउँपालिका स्तरीय विपद व्यवस्थापन (पूर्वतयारी तथा प्रतिकार्य) योजनाले गरेको सङ्कटासन्नता स्तरीकरणलाई आधार मानी गाउँपालिकाले छनौट गर्नु पर्नेछ

२) प्रारम्भिक भेला तथा समिति गठन :
योजना तर्जुमाको लागि गाउँपालिकाका पदाधिकारी तथा सदस्य, गाउँपालिका संयन्त्रका प्रतिनिधि, वडा समितिका सदस्य, सुरक्षा निकाय, विद्यालय, सामुदायिक प्रकोप व्यवस्थापन समितिका प्रतिनिधि, गैरसरकारी संस्था र अन्य सरोकारवाला समेतको सहभागितामा कार्यशाला आयोजना गरी सहभागीहरुलाई विपद जोखिम व्यवस्थापनको अवधारणा र योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण गर्नु पर्नेछ । परिच्छेद -२ बमोजिम विपद व्यवस्थापन समिति गठन गरिनेछ।

३) योजना तर्जुमा कार्यदल गठन :
गाउँपालिका स्तरीय विपद व्यवस्थापन समितिले योजना तर्जुमाका लागि विपद सम्बन्धी अनुभव तथा ज्ञान भएका समितिका सदस्य तथा प्रभावित समुदायबाट समेत सदस्य मनोनयन गरी स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा कार्यदल गठन गर्नु पर्नेछ। यसरी गठित कार्यदलको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ।

## ११. योजना तर्जुमा कार्यदलको काम, कर्तव्य तथा अधिकार:

१. योजना तर्जुमा प्रक्रियमा जिल्ला विपद व्यवस्थापन समिति, गाउँपालिका, वडा तथा समुदाय स्तरमा गठित स्थानीय विपद व्यवस्थापन समिति सहित अन्य सरोकारवाला निकायसँग नियमित समन्वय गरी सुझाव लिने।

२. गाउँपालिका तथा वडास्तरमा सञ्चालन गरिने सहभागितामूलक सङ्कटासन्नता तथा क्षमता विश्लेषणका लागि तथ्याङ्क तथा सूचना सङ्कलन गरी विश्लेषण गर्ने।

३. जिल्ला विपद व्यवस्थापन समिति, गाउँपालिकाका दस्तावेजहरू अध्ययन गरी आवश्यक द्वितीय सूचना सङ्कलन, परीक्षण र विश्लेषण गर्ने।

४. स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा गर्न अपनाइने प्रक्रिया र विधिबाट प्राप्त सूचना र तथ्याङ्कको आधारमा समुदाय, वडा र गाउँपालिका स्तरको विपद जोखिम व्यवस्थापन योजना तर्जुमा गर्ने।

५. योजना तर्जुमा प्रक्रियाको हरेक चरणमा विपद प्रभावित तथा सङ्कटासन्न समुदायका प्रतिनिधि, महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, तथा सबै जातजाति र वर्गको प्रतिनिधित्वलाई सुनिश्चित गराउने।

६. समुदायमा आधारित विपद व्यवस्थापन समितिले पूर्वतयारी तथा प्रतिकार्यका लागि आवश्यक ठानिएका कार्यदलहरू गठन गर्न सहजीकरण गर्ने।

७. जिम्मेवारी सहितको कार्यतालिका तयार गरी आवश्यक प्रक्रिया पूरा गरेर स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा गर्ने।

८. सबै प्रक्रिया र विधि पुरा गरी तयार भएको स्थानीय विपद व्यवस्थापन योजना स्थानीय विपद व्यवस्थापन समिति समक्ष पेश गर्ने।

९. कार्यदलले कार्य सम्पादन गर्न गाउँपालिकामा कार्यरत कर्मचारीहरूबाट आवश्यक सहयोग लिन सक्नेछ।

**१२. <u>क्षमता विकास तालिम :</u>**

क्षमता विकास तालिम देहाय बमोजिम हुनेछ :

१ विपद व्यवस्थापन समिति, योजना तर्जुमा कार्यदल तथा कर्मचारीहरुको योजना तर्जुमा क्षमता बढाउन सामुदायमा आधारित विपद व्यवस्थापन र सङ्कटासन्नता तथा क्षमता विश्लेषण सम्बन्धी तालिम आवश्यकता अनुसार आयोजना

गर्नुपर्नेछ। यस्तो तालिम सम्भाव्यताको आधारमा दुई वा सोभन्दा बढी गाउँपालिकाले संयुक्त रूपमा पनि सञ्चालन गर्न सक्नेछन्। तालिमको विषयसूची गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

२ दफा १२.१ बमोजिमको तालिम पश्चात कार्यदलले स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा गर्न समय तथा कार्य जिम्मेवारी सहितको कार्य तालिका तयार गरी कार्य सम्पन्न गर्नु पर्नेछ । कार्य तालिका तयार गर्दा स्थानीय योजना तर्जुमा प्रक्रियासँग मिलान हुने गरी गर्नुपर्नेछ।

**१३. <u>सङ्कटासन्नता तथा क्षमता विश्लेषण</u>**

१ विपद सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन : विपद सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(१) कार्यदलले कर्मचारी, निर्वाचित पदाधिकारीहरु परिचालन गरी अनुसूची-१ बमोजिम समुदाय र वडातहको विपद सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन गर्नुपर्नेछ । सूचना सङ्कलन गर्दा स्थानीय समुदायलाई विपद जोखिम व्यवस्थापन र योजनाको औचित्यबारे जानकारी गराउनु पर्नेछ।

(२) दफा १३.१ बमोजिम सूचना तथा तथ्याङ्क सङ्कलन गर्दा आवश्यकता अनुसार अनुसूची-२ बमोजिमका सङ्कटासन्नता तथा क्षमता विश्लेषण औजारहरू ९ख्क्ृब त्ययकि० को प्रयोग गर्नुपर्नेछ।

(३) दफा १३.२ बमोजिम सङ्कटासन्नता तथा क्षमता विश्लेषण प्रयोजनको लागि सङ्कलित तथ्याङ्कलाई अनुसूची -३ बमोजिम समुदाय एवम वडाको छुट्टाछुट्टै र गाउँपालिका स्तरको एकीकृत सङ्कटासन्नता तथा क्षमता विश्लेषण गर्नुपर्नेछ।

(४) दफा १३.३ बमोजिम सङ्कटासन्नता तथा क्षमता विश्लेषणको आधारमा समुदाय, वडा र गाउँपालिको अनुसूची-४ बमोजिम एकीकृत रूपको विपद जोखिम पार्श्वचित्र तयार गर्नु पर्नेछ। यसरी तयार भएको पार्श्वचित्र गाउँपालिका पार्श्वचित्रमा समावेश गरी प्रकाशन गर्नु पर्नेछ।

**१४. स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा :**

स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

१ जोखिम व्यवस्थापन क्रियाकलापको पहिचान तथा प्राथमिकीकरण विपद जोखिम पार्श्वचित्रमा पहिचान भएका जोखिमको व्यवस्थापन गर्न समुदाय, वडा र गाउँपालिका तहमा सञ्चालन गर्नुपर्ने क्रियाकलापहरूको पहिचान गरी अनुसूची -५ को ढाँचा बमोजिम प्राथमिकता निर्धारण गर्नुपर्नेछ।

**स्पष्टीकरण** : क्रियाकलापको प्राथमिकीकरण गर्दा सङ्कटासन्न समुदाय, गरिब, अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका, दलित तथा जनजाति समेतको सहभागिता सुनिश्चित गर्नु पर्नेछ।

२. योजना तर्जुमा गर्दा समुदाय र वडा तहबाट प्राथमिकीकरण भएका विपद जोखिम व्यवस्थापनका कार्यलाई एकीकृत गरी गाउँ कार्यपालिकाले तोके बमोजिमको ढाँचामा स्थानीय विपद जोखिम व्यवस्थापन योजनाको मस्यौदा तयार गर्नुपर्नेछ।

३ कार्यदलबाट उपदफा -२ बमोजिम तयार भएको मस्यौदा योजना माथि विस्तृत छलफल गर्न गाउँपालिका स्तरीय विपद व्यवस्थापन समितिले सबै क्षेत्र र वर्गको समेत प्रतिनिधित्व हुनेगरी बृहत कार्यशालाको आयोजना गर्नुपर्नेछ । कार्यशालाबाट प्राप्त पृष्ठपोषण समेत समावेश गरी मस्यौदा योजनालाई अन्तिम रूप दिई गाउँपालिकामा पेश गर्नुपर्नेछ।

**१५. योजनाको स्वीकृति**

गाउँपालिका स्तरीय स्थानीय विपद व्यवस्थापन समितिबाट तयार भएको स्थानीय विपद जोखिम व्यवस्थापन योजनालाई गाउँ कार्यपालिकाले आवश्यक प्रक्रिया पूरा गरी गाउँसभाबाट स्वीकृत गराउँनु पर्नेछ।

**१६. बजेट व्यवस्था :**

१. स्वीकृत योजनाले निर्धारण गरेका प्राथमिकता प्राप्त क्रियाकलाप सञ्चालनको लागि गाउँपालिकाले आफ्नो क्षमताले भ्याए सम्म बजेट विनियोजन गर्नुपर्नेछ।

२. योजना कार्यान्वयनको लागि गाउँपालिकाले केन्द्रिय सरकार, प्रदेश सरकार, नेपाल रेडक्रस सोसाइटी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा दातृ निकाय समेतको समन्वय र सहयोगमा बजेटको व्यवस्था गर्नेछ।

३. स्वीकृत योजना कार्यान्वयनको लागि नेपाल सरकारबाट स्वीकृत "विपद जोखिम न्यूनीकरण सम्बन्धी विशिष्ट कार्यक्रम" मध्ये प्राथमिकता प्राप्त कार्यक्रम - चार ९ँबिनकजष्उ ायगच०, समुदायमा आधारित एकीकृत विपद व्यवस्थापन योजनाबाट समेत बजेट परिचालन हुने व्यवस्था गर्न सकिनेछ।

१७. **योजना कार्यान्वयन :**

योजना कार्यान्वयन देहाय बमोजिम हुनेछ :

१. गाउँपालिकाले स्वीकृत विपद जोखिम व्यवस्थापन योजना वडा स्तरीय विपद व्यवस्थापन समिति मार्फत कार्यान्वयन गराउन प्राथमिकता दिइनेछ।

२. गाउँपालिका स्तरीय विपद व्यवस्थापन समितिले स्वीकृत योजना समुदाय, संघ/संस्था तथा निजी क्षेत्र एवम समुदायमा आधारित विपद व्यवस्थापन समिति समेतको सहयोग लिई कार्यान्वयन गर्नुपर्नेछ।

१८. **अनुगमन, मूल्याङ्कन र पुनरावलोकन**

१. गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा स्थानीय विपद जोखिम व्यवस्थापन योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेछ।

२. गाउँपालिकामा गठित अनुगमन समितिले विपद जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रमको प्रभावकारिता समेत मूल्याङ्कन गरी आवश्यकता अनुसार गाउँपालिकामा सिफारिश गर्नु पर्नेछ।

३. विपद जोखिम न्यूनीकरण सम्बन्धी विशिष्ट कार्यक्रम (Flagship Programme) बाट गाउँपालिका अन्तर्गत सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनको लागि स्वीकृत गरिएका अनुगमन सूचकहरू बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेछ।

४. विपद जोखिम व्यवस्थापन योजना कार्यान्वयन गर्ने संस्थाहरूले आफ्नो अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ।

५. गाउँपालिकाको कुनै पनि क्षेत्रमा उत्पन्न विपदले सङ्कटासन्नता, क्षमता र जोखिममा पारेको परिवर्तनलाई सम्बोधन गर्न प्रत्येक वर्ष योजनाको पुनरावलोकन गरी वार्षिक कार्यक्रम तथा योजना तयार गर्नु पर्नेछ।

६. विपद जोखिम व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन प्रत्येक पाँच वर्षमा योजनाको बृहत पुनरावलोकन गरी अध्यावधिक गर्नुपर्नेछ।

## परिच्छेद -४
## विपद व्यवस्थापन कोष

**१९. <u>विपद व्यवस्थापन कोषमा रकम संकलन सम्बन्धमा :</u>**

१. विपद व्यवस्थापन कोषमा देहाय बमोजिम प्राप्त हुने रकम रहनेछ :-

क) नेपाल सरकार र प्रदेश सरकारबाट विपद व्यवस्थापनको लागि प्राप्त रकम,

ख) गाउँसभाबाट विपद व्यवस्थापन कोषमा विनियोजन भएको रकम,

ग) विभिन्न दातृ निकायबाट विपद व्यवस्थापनको लागि उपलब्ध भएको रकम,

घ) गाउँपालिका वा वडा कार्यालयलाई कार्य क्षेत्र बनाई कार्यक्रम वा आयोजना सञ्चालन गरिरहेका राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैर-सरकारी संस्थाको कूल बजेटको ०.१ प्रतिशत रकम ,

ङ) विपद व्यवस्थापनको लागि समुदायमा आधारित संघ-संस्थाबाट प्राप्त रकम,

च) विपद व्यवस्थापनको लागि विभिन्न निकाय एवम व्यक्तिबाट प्राप्त सहयोग रकम,

**२०. <u>विपद व्यवस्थापन कोषको लेखा र रकम जम्मा सम्बन्धमा :</u>**

१. विपद व्यवस्थापन कोषमा संकलन भएको रकम र सोको सम्बन्धमा छुट्टै लेखा विवरण तयारी गरिनेछ।

कोष खातामा रकम जम्मा र ट्रान्स्फर सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

क) विपद् व्यवस्थापनको लागि प्राप्त हुने रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

ख) विपद व्यवस्थापन कोष वापात सञ्चित कोषमा जम्मा भएको रकम गाउँपालिकाको नाममा रहेको सञ्चित कोषबाट विपद व्यवस्थापन विशेष कोष खातामा जम्मा गरिनेछ।

ग) विपद व्यवस्थापन कोषमा जम्मा भएको रकम गाउँपालिका स्तरीय विपद व्यवस्थापन समितिले तयार गरेको व्यय विवरणलाई गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरे बमोजिम प्राकृतिक तथा मानवीय प्रकोपको जोखिमबाट समुदायलाई बचाउन, प्रकोप पीडितलाई तत्काल खोज, उद्धार, राहत पुनस्थापना गराउन, राहत प्रदान गर्न र प्रकोपको जोखिम न्यूनिकरणको लागि पूर्व तयारी गर्नको लागि खर्च गरिनेछ।

## परिच्छेद - ५
## सुरक्षा निकाय तथा अन्य निकायको काम, कर्तव्य र अधिकार

**२१. <u>सुरक्षा निकायको परिचालन तथा काम, कर्तव्य र अधिकार :</u>**

१) विपद व्यवस्थापनको काममा आवश्यकता अनुसार गाउँपालिकाको अनुरोधमा प्रमुख जिल्ला अधिकारीको आदेश बमोजिम सुरक्षा निकाय परिचालित हुनुपर्नेछ।

२) विपदको समयमा खोज, उद्धार तथा राहतको कार्यको लागि नेपाल सरकारले नेपाली सेना परिचालन गर्न सक्नेछ।

३) विपद व्यवस्थापन सम्बन्धमा सुरक्षा निकाय, केन्द्रिय स्तरको विपद व्यवस्थपन समिति, प्रदेश विपद व्यवस्थापन समितिको अध्यक्ष तथा जिल्ला विपद व्यवस्थापन समितितको अध्यक्षको आदेश तथा सुपरीवेक्षण एवम गाउँपालिकाको अध्यक्षको समन्वय अन्तर्गत रही देहाय बमोजिमको कार्य सम्पादन गर्नु पर्नेछ।

क) सम्भावित विपदको सम्बन्धमा विपद जोखिम न्यूनीकरणका लागि समुदायलाई सजग बनाउने,

ख) कुनै पनि स्थानमा विपदका घटनाहरु भएको जानकारी प्राप्त हुनासाथ तत्काल परिचालित हुने र सोको जानकारी गाउँपालिका, सम्बन्धित अधिकारी वा निकायलाई गराउने,

ग) आपतकालीन उद्धार तथा राहत वितरण गर्ने कार्य प्रभावकारी रुपमा सम्पन्न गर्ने,

घ) विपद व्यवस्थापन, खोज तथा उद्धार सम्बन्धी तालीम एवम चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

४) विपद प्रतिकार्यका लागि प्रमुख जिल्ला अधिकारीको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा उपलब्ध जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार सुरक्षा निकायलाई हुनेछ।

५) सुरक्षा निकायले विपदको समयमा खोज उद्धार कार्यका लागि प्रदेश विपद व्यवस्थापन समिति तथा स्थानीय विपद व्यवस्थापन समिति सँग आवश्यक सामाग्री माग गर्न सक्नेछ।

**२२. वारुण यन्त्र तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकार :-**

१) कुनै स्थानमा विपद परेमा बारुण यन्त्र तथा अन्य सेवा प्रदायक निकायले गाउँपालिका स्तरीय स्थानीय विपद व्यवस्थापन समिततलाई तत्काल सूचना दिनु पर्नेछ।

२) वारुण यन्त्र तथा अन्य सेवा प्रदायक निकायले आपतकालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन जिल्ला विपद व्यवस्थापन समिति तथा स्थानीय विपद व्यवस्थापन समितितले दिएको निर्देशनको अनिवार्य पालना गर्नुपर्नेछ।

३) आपतकालीन कार्य सम्पादन गर्दा स्थानीय विपद व्यवस्थापन समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुण यन्त्र तथा सेवा प्रदायक निकायलाई हुनेछ।

**२३. <u>सार्वजनिक संघ-संस्था तथा व्यवसायिक प्रतिष्ठानको दायित्व :</u>**

(१) विपद व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछ :-

क) आफ्नो उद्योग, कार्यालय, व्यवसायिक केन्द्रमा विपदका घटना हुन नदिन विपद सुरक्षा औजार, उपकरण, सामग्री तथा आपतकालीन निकासका उपायहरु लगायत तोकिए बमोजिमका अन्य सुरक्षा उपायको व्यवस्था गर्ने,

ख) तथ्याङ्क सङ्कलन, क्षेत्रको मूल्याङ्कन, राहत, पुनस्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा गाउँपालिका स्तरीय स्थानीय विपद व्यवस्थापन समितिलाई आवश्यक सहयोग गर्ने,

ग) आफ्ना कर्मचारी तथा कामदारहरुलाई विपद व्यवस्थापन सम्बन्धमा गाउँपालिकाले तोके बमोजिमका आधारभूत अभिमुखीकरण तालीम दिने,

घ) विपद व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी हालतमा राख्ने,

(ङ) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा प्रमुख जिल्ला अधिकारीको आदेश अनुसार आफ्ना भवन लगायत अन्य संरचनाहरु आपतकालीन प्रयोजनका लागि आवश्यक परेमा उपलब्ध गराउने,

च) गाउँपालिकाको समन्वय तथा  सुपरीवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुऱ्याउने,

छ) विपद जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

ज) फोहोरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरु अपनाउने,

झ) विपदको घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई  जानकारी गराउने।

(२) सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको विपद व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद व्यवस्थापन योजना तर्जुमा गरी नियमित रुपमा लागू गर्नु पर्नेछ।

**२४. विपद व्यवस्थापनमा सहयोग गर्नु पर्ने सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय संघ संस्था, समुदाय, स्थानीय स्वयम सेवक, नागरिक समाज, र अन्य क्षेत्र तथा व्यक्तिले विपद व्यवस्थापन कार्यमा देहाय बमोजिम सहयोग गर्नु पर्नेछः**

क) तथ्याङ्क सङ्कलन, क्षेत्रको मूल्याङ्कन, राहत, पुनस्थापना तथा पुनर्निर्माण लगायतका विपद व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

ख) विपद व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

ग) क्षमता विकास, आपतकालीन नमूना अभ्यास तथा विपद व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

घ) खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने ,

## परिच्छेद -६
## विविध :

**२५. विपद व्यवस्थापन कोषको रकम खर्च सम्बन्धमा :**

१. विपद व्यवस्थापन कोषमा रहेको रकम देहायका शीर्षकमा खर्च गरिनेछ :

क) प्रकोपबाट क्षतिग्रस्त पूर्वाधारजन्य कार्यक्रम वा आयोजनाको पुनर्निर्माण वा मर्मत,

ख) विपद व्यवस्थापन समितिका पदाधिकारी/कर्मचारीका लागि तालिम, गोष्ठी, अन्तरक्रिया, अवलोकन भ्रमण लगायतका क्षमता विकार सम्बन्धी खर्च ,

ग) प्रकोप पिडितको लागि सहयोग पुग्ने आयमुलक कार्यक्रम,

घ) प्राकृतिक तथा मानवीय प्रकोपको जोखिमबाट समुदायलाई बचाउन, प्रकोप पीडितलाई तत्काल खोज, उद्धार, राहत पुन स्थापना गराउने कार्य र विपद जोखिम न्यूनिकरणको लागि पूर्व तयारी गर्नको लागि खर्च ,

ङ) विपद व्यवस्थापन योजना तयार गर्न,

च) विपद व्यवस्थापनका लागि समपुरक कोष ,

छ) अनुसूची-६ बमोजिम प्रकोप पिडितले तत्काल नगद सहयोग गर्न ,

ज) विपद व्यवस्थापन सम्बन्धी मेशिनरी,उपकरण, राहत सामाग्री, अन्य सामाग्री खरिद गर्न ,

झ) प्रकोपबाट सडक सुचारु हुन नसक्ने गरी क्षति भएमा तत्काल सडक सुचारु गर्न लाग्ने खर्च,

ञ) प्रकोपबाट भौतिक संरचना ध्वस्त भई मानवीय क्षति भएको वा हुन सक्ने सम्भावना भएमा थप क्षति हुनबाट बचाउन क्षतिग्रस्त भौतिक संरचना हटाउन लाग्ने खर्च ,

झ) गाउँ कार्यपालिकाले तोकेको विपद व्यवस्थापन सम्बन्धी अन्य खर्च ,

**पुनश्च :** दफा २५ (१) को (झ) र (ञ) बमोजिमको कार्यको लागि गाउँपालिकाको अध्यक्षको लिखित आदेश अनुसार रु. ५०,००० ।- ( पचास हजार रुपैंया) सम्म खर्च गर्न सकिनेछ।

**२६.** विपद व्यवस्थापनको लागि गाउँपालिका क्षेत्रभित्र गाउँसभाबाट स्वीकृत कार्यक्रममा मात्र खर्च गरिनेछ।

२७. प्रकोप बाट क्षति भएका पूर्वाधारजन्य (गाउँपालिका कार्यालय तथा वडा कार्यालय भवन, गाउँपालिका अन्तर्गत रहेका सरकारी तथा सार्वजनिक भवन, सडक, विद्यालय, खानेपानी, सिंचाइ, सामुदायिक भवन, मन्दिर तथा गुम्बा) कार्यक्रम वा आयोजनाहरुको पुननिर्माण तथा मर्मतको लागि गाउँसभाबाट स्वीकृत भएको हुनुपर्नेछ।

२८. प्रकोपबाट क्षति भएका पूर्वाधारजन्य कार्यक्रम वा आयोजनाको लागत अनुमान, उपभोक्ता समिति गठन, अनुगमन, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, समीक्षा, सम्झौता, भुक्तानी , सञ्चालन एवम कार्यान्वयन लगायतको व्यवस्था **"गाउँपालिकामा कार्यान्वयन हुने कार्यक्रम वा आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४"** बमोजिम हुनेछ।

२९. गैरसरकारी संस्था एक्लै वा साझेदारीमा गरिने विपद व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था "गाउँपालिकामा कार्यान्वयन हुने कार्यक्रम वा आयोजना सञ्चालन तथा व्यवस्थापन  कार्यविधि, २०७४" बमोजिम हुनेछ।

**३०. बाढीपहिरो, आगालागी, हावाहुरी, महामारी, भूकम्प, चट्याङ जस्ता प्रकोप पिडितलाई  अनुसुसचि ६ बमोजिम सहयोग गर्न सकिनेछ।**

**३१. अन्य क्षतिको सम्बन्धमा गाउँपालिको  निर्णय अनुसार हुनेछ।**

३२. **गाउँपालिकाको विशेष जिम्मेवारी :**

(क) गाउँपालिका अन्तरगतका सङ्कटासन्न समुदाय तथा वडामा विपद जोखिम व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयन गर्न आर्थिक एवम प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(ख) विपद जोखिम व्यवस्थापन योजनाको कार्यान्वयन र समुदायको क्षमता अभिवृद्धिका लागि क्षमता विकास कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु पर्नेछ।

(ग) विपद जोखिम व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयन गर्ने क्रममा आवश्यकता अनुसार अन्य स्थानीय तहसँग समेत समन्वय गर्नुपर्नेछ।

(घ) सामुदायिक विपद व्यवस्थापन समिति (Community Disaster Management Committee, CDMC) लाई गाउँपालिकामा सूचीकरण गरी वार्षिक रूपमा नवीकरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(ङ) विपद जोखिम व्यवस्थापनका कार्यक्रमहरूलाई गाउँपालिको वार्षिक तथा आवधिक योजनामा प्राथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्नुपर्नेछ।

च) गाउँपालिका आफैं वा अन्य निकायद्वारा गाउँपालिकामा सञ्चालन हुने नियमित कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयन गर्दा विपद जोखिम न्यूनिकरणका उपायहरु अवलम्बन गर्नु गराउनु पर्नेछ।

**३३. <u>योजना तथा कार्यक्रम कार्यान्वयन एवम समन्वय :</u>**

१ केन्द्रीय सरकार, प्रदेश सरकार, विकास साझेदार संघसंस्था, निजी क्षेत्र, सञ्चार माध्यम तथा नागरिक समाजसँग सहकार्य गरी विशेष उद्देश्य हासिल गर्नका लागि भएको सम्झौता बमोजिम कार्यक्रम कार्यान्वयन गर्न गराउन यस कानूनले बाधा पुऱ्याएको मानिने छैन।

२ यस कानूनमा भएका मूलभूत सिद्धान्तको पालना हुने गरी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्नु गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

३ गाउँपालिकाले योजना तर्जुमा गरी कार्यान्वयन हुने विपद व्यवस्थापन सम्बन्धी सबै कार्यक्रमलाई स्थानीय तहको विकास योजनाको परिपूरक हुने गरी सञ्चालन गर्नुपर्नेछ।

४ गाउँपालिकामा सञ्चालन हुने विपद जोखिम व्यवस्थापन सम्बन्धी सम्पूर्ण योजना तथा कार्यक्रमहरु सम्बन्धित सबै सरोकारवाला निकाय, संघसंस्था तथा समुदायमा आधारित संस्थाहरुले समेत यसै कानून बमोजिम सञ्चालन गर्नुपर्नेछ।

**३४. राहत वितरण :**

प्रकोपबाट क्षति व्यहोरेका पिडितहरुलाई देहाय बमोजिम राहत वितरण गरिनेछ :

क) गाउँपालिकाको क्षेत्रभित्र गाउँपालिकाको स्वीकृत लिई सरकारी तथा गैरसरकारी संस्थाले राहत सामाग्री र नगद सहयोग वितरण गर्नुपर्नेछ।

ख) गैरसरकारी संस्थाले संकलन गरेको वा खरिद गरेको राहत सामाग्री गाउँपालिकामा एकीकृत गरी गाउँपालिकाले तोकेको कार्यदल र संस्थाको सहकार्यमा गाउँपालिकाले तोके बमोजिमका पिडितहरुलाई वितरण गर्नुपर्नेछ।

ग) गैरसरकारी संस्था मार्फत वितरण गरेको राहत सामाग्री र नगद सहयोगको भरपाई गाउँपालिकामा पेश गर्नुपर्नेछ।

**३५. खोज तथा उद्धार समूह :**
गाउँपालिकाको क्षेत्रभित्र हुने विपदको समयमा खोज तथा उद्धार कार्य गर्न एवम क्रियाशिल रुपमा विपद व्यवस्थापनको कार्य गर्न र सो कार्यमा परिचालन गर्न गाउँकार्यपालिकाले विशिष्टकृत खोज तथा उद्धार समुह गठन गर्न सक्नेछ।

**३६. दण्ड सजाय :**
प्रकोप निम्त्याउने कार्यमा व्यक्ति, संस्था, समूह, फर्म लगायत अन्य कुनै पनि पक्ष दोषी ठहरिएमा प्रचलित कानून बमोजिम दण्ड सजाय हुनेछ।

**३७. थपघट र हेरफेर :** यस कानून कार्यान्वयनका क्रममा कुनै बाधा अडचन आइपरेमा त्यस्तो बाधा अडचन फुकाउने प्रयोजनका लागि गाउँसभाले आवश्यकता अनुसार व्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ।

**३८. संशोधन तथा परिमार्जन :** यस कानूनलाई गाउँसभाको दुई तिहाई बहुमतले आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

**३९. खारेजी तथा बचाउ :**
यस कानूनमा उल्लेख भएका बुँदाहरु यसै कानून अनुसार र अन्य कुराहरु प्रचालित कानून एवम गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ । साथै यस कानूनको उद्देश्य तथा विषय क्षेत्रमा यस गाउँपालिकाद्वारा यस अघि भएका कार्यहरु यसै कानून बमोजिम भएको मानिनेछ।

# अनुसूची -१
## (दफा १३.१.१ सँग सम्बन्धित)
## विपदका कारण र क्षतिको विवरण (विगत २५ वर्ष र पछिल्लो ५ वर्षको)
## गाउँपालिकाका : वडा : समुदाय : ................ प्रकोप : ............

| क्र. सं | क्षतिको विवरण | अघिल्लो २५ वर्षको | पछिल्लो ५ वर्षको | | | | | जम्मा | पुष्टाँइका विधि |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | मानवीय क्षति (मृत्यु) सङ्ख्या | | | | | | | | |
| | बिरामी/घाइते | | | | | | | | |
| २ | प्रभावित परिवार सङ्ख्या | | | | | | | | |
| ३ | पूर्णक्षति भएका घर सङ्ख्या | | | | | | | | |
| ४ | क्षति भएको जम्मा सम्पत्ति रु. | | | | | | | | |
| ४.१ | क्षति भएको व्यक्तिगत धनमाल (रु. हजारमा) | | | | | | | | |
| ४.२ | पुल | | | | | | | | |
| ४.३ | बाटो/सडक | | | | | | | | |
| ४.४ | विद्यालय | | | | | | | | |
| ४.५ | स्वास्थ्य चौकी | | | | | | | | |
| ४.६ | सामुदायिक भवन | | | | | | | | |
| ४.७ | क्षति भएको बाली (रु हजारमा | | | | | | | | |
| ४.८ | क्षति भएको घरपालुवा पशु संख्या | | | | | | | | |
| | गाई | | | | | | | | |
| | भैँसी | | | | | | | | |
| | खसी तथा बाखा | | | | | | | | |
| | अन्य (खुलाउने) | | | | | | | | |
| ५ | खेतीयोग्य जमिनको क्षति (विगाहा वा रोपनी) | | | | | | | | |
| ६ | विपदबाट परेको सामाजिक प्रभाव | | | | | | | | |
| ६.१ | विपदमा परी मानिस हराएको | | | | | | | | |
| ६.२ | विपदका कारण भएका महिला हिंसा | | | | | | | | |
| ६.३ | विपदपछि लुटपाट, हिंसा र अन्य सामाजिक अपराध | | | | | | | | |
| ६.४ | विपदका कारण सामुदायिक संस्थाको निश्क्रियता | | | | | | | | |

# अनुसूची-२
## (दफा १३.१.२ सँग सम्बन्धित)
## सङ्कटासन्नता र क्षमता विश्लेषण औजारहरू

१. **प्रकोप नक्साङ्कन तथा स्तरीकरण :**

समुदाय तथा गाउँमा हुने विपदजन्य घटना र जनधनको क्षतिका आधारमा प्रकोपको सूची तयार गरी प्रकोपको स्तरीकरण गर्नु पर्नेछ। समुदाय र वडाका अलग अलग सूचीलाई एकीकृत गरेर गाउँपालिका भित्र हुने प्रकोपको सूची र स्तर निर्धारण गर्न देहाय अनुसारको तालिका प्रयोग गर्नु पर्दछ :

| प्रकोप | पहिरो | बाढी | आगलागी | हुरीबतास | महामारी | भूकम्प | हिमताल विष्फोट | चट्याङ | शीतलहर | जनावर अतङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | | | | | | | | |
| बाढी | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | |
| हुरीबतास | | | | | | | | | | |
| महामारी | | | | | | | | | | |
| भुकम्प | | | | | | | | | | |
| हिमताल विष्फोट | | | | | | | | | | |
| चट्याङ | | | | | | | | | | |
| शीतलहर | | | | | | | | | | |
| जनावर अतङ्क | | | | | | | | | | |
| जम्मा अङ्क | | | | | | | | | | |
| स्तर | | | | | | | | | | |

२. **प्रकोप पात्रो :**

समुदाय वडा हुँदै गाउँपालिका भित्र कुन समयमा कुन प्रकोप हुन्छ भनेर पत्ता लगाई त्यसको समयरेखा तयार गर्नुपर्छ, जसलाई प्रकोप पात्रो भनिन्छ। यसको लागि निम्न अनुसारको तालिका तयार गर्नु पर्छ :

| प्रकोप | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्ति | मंसिर | पुस | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | | | | | | | | | | |
| बाढी | | | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | | | |
| हुरीबतास | | | | | | | | | | | | |
| महामारी | | | | | | | | | | | | |
| भुकम्प | | | | | | | | | | | | |
| हिमताल विष्फोट | | | | | | | | | | | | |
| चट्याङ | | | | | | | | | | | | |
| शीतलहर | | | | | | | | | | | | |
| जनावर अतङ्क | | | | | | | | | | | | |
| जम्मा अङ्क | | | | | | | | | | | | |
| स्तरीकरण | | | | | | | | | | | | |

## ३. ऐतिहासिक समय रेखा

समुदाय र गाउँपालिका भित्र विगतमा कुन प्रकोपबाट कस्तो विपत्ति परेको थियो भन्ने जानकारी लिन विपदको ऐतिहासिक समयरेखा तयार गरिन्छ। यसबाट प्रकोपको दोहोरिने अवस्था, त्यसले पुऱ्याउने क्षति तथा प्रभावको बारेमा जानकारी मिल्छ र विपद् जोखिम व्यवस्थापनका क्रियाकलाप र कार्यसमय निर्धारण गर्ने आधार बनाउन सहयोग मिल्छ। अनुसूची-४ को सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने फारमलाई आधार मानेर समुदायमा विस्तृत छलफल गरी विपदको ऐतिहासिक समयरेखा पत्ता लगाउनु पर्छ। यसको लागि निम्नअनुसारको फारम प्रयोग गर्नु पर्छ:

| प्रकोपको प्रकार : ........................ | | |
|---|---|---|
| क्र.सं. | वर्ष | क्षतिको विवरण (मृत्यु, घाइते, क्षति ग्रस्त घर, बालीनाली, प्रभावित परिवार, विस्थापित परिवार, क्षति भएको भौतिक सम्पत्ति रु. क्षतिग्रस्त खेतीयोग्य भूमि अन्य सामाजिक प्रभाव) |
| १ | | |
| ....... | | |

## ४. सामाजिक स्रोत नक्साङ्कन र सङ्कटासन्नता तथा क्षमता पहिचान

समुदायमा रहेको सङ्कटासन्नता र क्षमता पहिचान गर्न समुदायभित्र रहेका प्राकृतिक तथा गैर प्राकृतिक सम्पदा, साधन, स्रोत आदि उल्लेख भएको सामाजिक नक्सा तयार गरी विश्लेषण गर्ने महत्वपूर्ण विधि हो। समुदायका प्रतिनिधिको प्रत्यक्ष सहभागितामा तयार हुने नक्सामा समुदायको अवस्थिति, खोला तथा नदीनाला, पोखरी, खेतीयोग्य जमिन, बाटो तथा सडक सञ्जालहरू, सामुदायिक भवनहरू, विद्यालय, स्वास्थ्य सेवा केन्द्रहरू, वनजङ्गल, गाउँपालिका भवन, बिजुली, सुरक्षित आश्रय स्थलहरू वा आश्रय स्थलका लागि उपयुक्त क्षेत्र, खानेपानी, सरसफाइको अवस्था स्पष्ट रूपमा देखिने गरी तयार गर्नु पर्छ। यस विधिबाट प्राप्त सूचनाका आधारमा समुदाय र वडाको सम्पन्नता तथा सङ्कटासन्नता स्तरीकरण निम्नअनुसार गर्नु पर्नेछ:

### क. समुदायको सम्पन्नता स्तरीकरण

गाउँपालिका : ................. वडा नं.: .... समुदायको नाम :...............

| क्र.सं. | सम्पन्नता स्तरीकरण (घरधुरी सङ्ख्या) | | | | पुष्टचाइँ |
|---|---|---|---|---|---|
| | अति विपन्न | विपन्न | मध्यम | सम्पन्न | |
| १ | | | | | |
| ....... | | | | | |

## ख. वडा सम्पन्नता स्तरीकरण

प्रत्येक वडाका बस्तीको सम्पन्नता स्तरीकरणको एकीकृत तथ्याङ्कको आधारमा वडाको सम्पन्नता स्तरीकरण गर्नु पर्छ।

गाउँपालिका : ...................... वडा नं. :.....................

| वडा | घरमूलीको नाम | सम्पन्नता स्तरीकरण (घरधुरी सङ्ख्या) | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | अति विपन्न | विपन्न | मध्यम | सम्पन्न | |
| १ | | | | | | |
| ....... | | | | | | |

## ग. सम्पन्नता स्तरीकरणका सूचक :

- **अति विपन्न परिवार :** आफ्नो उत्पादनले ३ महिनाभन्दा कम खान पुग्ने, बेरोजगार, ज्याला मजदुरी गर्नु पर्ने, कच्ची वा झुप्रो घरमा बसोबास गर्न बाध्य परिवार।
- **विपन्न परिवार :** आफ्नो उत्पादनले ६ महिनासम्म खान पुग्ने, सामान्य नोकरी भएको, मध्यम खालको घर भएको परिवार।
- **मध्यम परिवार :** आफ्नो उत्पादनले ९ महिनासम्म खान पुग्ने, अधिकृत तह भन्दा सानो जागिर भएको, मध्यम खालको घर भएको।
- **सम्पन्न परिवार :** आफ्नो उत्पादनले पूरै वर्ष खान पुग्ने आम्दानी गर्न सक्ने, व्यापार वा उद्योग भएको, अधिकृत तह वा सो भन्दा उच्च तहको नोकरी भएको वा पेन्सन प्राप्त गर्ने, अर्ध पक्की वा पक्की घर भएको

## घ. समुदायको पारिवारिक सङ्कटासन्नता स्तरीकरण

| जोखिमको अवस्था (परिवार) | उच्च (.......) | | | मध्यम (.......) | | | न्यून (.......) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| उमेर गत जनसंख्या | | | | | | | | | |
| ५ वर्ष सम्म | | | | | | | | | |
| ६-१२ वर्ष | | | | | | | | | |
| १३-१९ वर्ष | | | | | | | | | |
| २०-५९ वर्ष | | | | | | | | | |
| ६० वर्ष भन्दा माथि | | | | | | | | | |
| अपाङ्गता भएका व्यक्ति | | | | | | | | | |
| गर्भवती महिला | | | | | | | | | |
| स्तनपान गराउने महिला | | | | | | | | | |
| कुपोषित बालबालिका (५ वर्ष मुनिका) | | | | | | | | | |
| कुपोाषित बालबालिका (५ देखि १२ वर्ष) | | | | | | | | | |
| जम्मा | | | | | | | | | |

## ५. समस्या वृक्ष विश्लेषण :

समुदायमा विपद सम्बन्धी विद्यमान समस्याको उत्पत्ति, त्यसको कारण र प्रभाव विश्लेषण गर्न समस्या वृक्ष औजारको विधि प्रयोग गरिन्छ। यस विधि अन्तर्गत वृक्षको काण्डले समस्या, जराहरूले कारण र हाँगा तथा पातहरूले प्रभावको प्रतिनिधित्व गरेको मानी वास्तविकता पहिचान गरिन्छ। विपदजन्य जोखिम व्यवस्थापन गर्न समस्याको मूलकारण पत्ता लगाउन यो औजारको प्रयोग हुन्छ । यस विधिबाट प्राप्त नतिजालाई निम्न अनुसार सूचीकरण गर्नु पर्छ :

| क्र.सं. | समस्या | समस्याको मूल कारण | समुदायमा परेको प्रभाव | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| | | | | |

## ६. धरातलीय हिँडाइ

सङ्कटासन्नता तथा क्षमता विश्लेषणका क्रममा सामाजिक नक्सा र समस्या वृक्ष विश्लेषणका नतिजाको पुनरावलोकन गर्न समेत यो औजार प्रयोग हुन्छ । सङ्कटासन्नतायुक्त र सुरक्षित स्थान, भौगोलिक, सामाजिक संरचना, प्रकोपका घटनाबाट विगतमा भएको क्षतिको आँकलन, विपद जोखिम व्यवस्थापनका अवसर र चुनौती जस्ता विषयको अध्ययन गरिन्छ । धरातलीय हिँडाइका क्रममा प्राप्त नतिजालाई अन्य औजारको प्रयोगबाट प्राप्त नतिजालाई परीक्षण समेत गर्न निम्न अनुसारको ढाँचामा सूचीकरण गर्नु पर्छ :

## ७. संस्थागत विश्लेषण वा रोटी चित्र

| क्र.सं. | हिँडाइ-क्षेत्र (वडा, समुदाय, स्थान विशेष) | प्रमुख समस्या वा सङ्कटासन्नता | समस्याको कारक | उपलब्ध क्षमता | सङ्कटासन्नता र क्षमताबीच अन्तर वा खाडल | प्रभाव |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| | | | | | | |

विपदको समयमा आवश्यक पर्ने सेवा, सुविधा, सुरक्षा उपलब्ध गराउने सरकारी निकाय वा सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी र अन्य मानवीय सेवा प्रदायक संघसंस्था, वित्तीय संस्था, सहकारी, स्वास्थ्य सेवा केन्द्र आदिको उपलब्धता, पहुँच र सम्बन्धको विश्लेषण गरिन्छ। यो औजारले समुदायको सामाजिक सम्बन्ध र क्षमताको स्तर मापन गर्छ। यस औजारको प्रयोगबाट समुदायले विपद जोखिम व्यवस्थापनका सन्दर्भमा सहयोग प्राप्त गर्न सक्ने सामाजिक संस्थाको सूची निम्न अनुसार तयार गर्नु पर्छ :

| क्र. सं. | कार्यालय संघसंस्था | ठेगाना | पहुँचको अवस्था | भौगोलिक दूरी | प्राप्त हुन सक्ने सहयोगको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | | | | | |
| | | | | | |

## ८. गतिशिलता नक्सा

समुदायका मानिसहरूको बाहिरी संघसंस्था, राजनीतिक वा प्रशासनिक पहुँच, निर्णायक तहमा भएको प्रतिनिधित्व, बाह्य समाजसँगको सम्पर्क, आवत-जावतको अवस्था विश्लेषण गर्न यो औजारको प्रयोग गरिन्छ। विपदका समयमा र योजनाबद्ध विपद जोखिम व्यवस्थापनका सन्दर्भमा प्राप्त गर्न सकिने सहयोगको क्षेत्र र क्षमता मापन गर्दा प्राप्त नतिजालाई निम्न अनुसार सूचीकृत गरी तलुनात्मक विश्लेषण गर्नु पर्छ :

समुदायको नाम र ठेगाना :

| क्र.सं. | पहुँच कायम रहेका समुदायका व्यक्ति तथा समूहको नाम | पहुँच भएको निकाय वा संस्था | निकाय वा संस्थाको ठेगाना | प्राप्त हुन सक्ने सहयोग |
|---|---|---|---|---|
| १ | | | | |

## ९. लक्षित समूह छलफल

सङ्कटासन्नता तथा क्षमता विश्लेषणका विभिन्न औजारको प्रयोबाट प्राप्त सूचना तथा तथ्याङ्कको पुनरावलोकन, अनुगमन वा परीक्षण र छुटेका विषय पत्ता लगाउन समुदायको सानो समूहमा छलफल गर्नु नै लक्षित समूह छलफल हो । समुदायका महिला, बालबालिका, सिमान्तकृत वर्ग, बूढापाका, अपाङ्गता भएका व्यक्ति, दलित, जनजातिसमेत सबै वर्गलाई समेटेर यस प्रकारको छलफल गर्नुपर्छ।

यस्तो छलफलमा सबै सहभागीलाई समान रूपले आफ्ना विचार र भनाइ राख्न प्रोत्साहित गर्नुपर्छ । यस प्रक्रियाबाट प्राप्त सूचनालाई निम्न अनुसारको ढाँचामा सूचीकृत गर्नुपर्छ :

गाउँपालिका : ......... ......... वडा नं.........समुदायः .................... समूह :

महिला/अपाङ्गता/दलित आदि

| क्र.सं. | समस्या | कारण | कारक तत्व | प्रभाव | सम्भावित समाधानका उपाय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विपद र विपदका सवाल | | | | | |
| २ | जीविकोपार्जन तथा खाद्य सुरक्षाश | | | | | |
| ३ | खानेपानी, सरसफाइ तथा महामारी | | | | | |
| ४ | अन्य | | | | | |

## १०. प्रत्यक्ष अवलोकन

माथि उल्लेख भएका औजारको प्रयोगबाट प्राप्त नतिजालाई पुनरावलोकन तथा परीक्षणका लागि प्रत्यक्ष अवलोकन विधि अपनाइन्छ । सङ्कटासन्न क्षेत्र, समुदाय, प्राकृतिक स्रोत तथा साधन, भौतिक संरचना, सार्वजनिक सम्पत्ति तथा जोखिम व्यवस्थापनका लागि गर्नुपर्ने कामको सही पहिचान गर्न यस औजारको प्रयोग गर्नुपर्छ। अवलोकनका क्रममा प्राप्त नतिजालाई निम्न ढाँचामा सूचीकृत गरी विश्लेषण गर्नु पर्नेछ :

| क्र.सं. | अवलोकन गरिएको स्थान | विपदको प्रमुख समस्या | उपलब्ध क्षमता | समुदायका आवश्यकता |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

## ११. ध्यान दिनु पर्ने विषय :

माथि उल्लेखित सङ्कटासन्नता तथा क्षमता विश्लेषणका औजार (VCA tools) हरू प्रयोग गरी सूचना संकलन गर्दा निम्न विषयमा विशेष ध्यान दिनुपर्छ :

क. समुदायका सङ्कटासन्न वर्गहरू, महिला, दलित, जनजाति, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, बालबालिका, समुदायमा कार्यरत संघसंस्थाका प्रतिनिधिको सहभागितालाई सुनिश्चित गर्नुपर्नेछ।

ख. विपद जोखिम व्यवस्थापन तथा दैनिक जीवनयापनका सन्दर्भमा उपयोग हुने निम्न पाँच प्रकारका पूँजीको उपलब्धता तथा उपयोगको सुक्ष्म विश्लेषण गर्नुपर्नेछ :

- **सामाजिक पूँजी :** जातजाति, बसोवासको अवस्था, लिङ्ग, समूहहरू, नेतृत्व, संघसंगठन र सदस्यता, सामाजिक मेलमिलाप, आपसी सर-सहयोग, आदि ।
- **मानवीय पूँजी :** ज्ञान र सीप तथा विशेष दक्षता भएका व्यक्तिहरू, शिक्षा, स्वास्थ्य र पोषण, पारिवारिक आकार, रोजगारी र यसको अवसर आदि ।
- **प्राकृतिक पूँजी :** जमिन र यसको प्रकार, जमिन बचावटको तौरतरिका (बाढी र पहिरोको रोकथाम गरेर, वृक्षारोपण गरेर, आदि), उत्पादनको अवस्था (अन्नवाली, नगदेवाली, तरकारी र अन्य), जलस्रोत, वनले ढाकेको क्षेत्र, आदि ।
- **भौतिक पूँजी :** सडक, यातायात, पुलपुलेसा, बजार, होटल, विद्यालय, कृषि र पशु सेवा केन्द्र, सुरक्षा चौकी, पूर्वचेतावनि प्रणाली, उद्धार र राहत सामाग्रीहरूको पर्याप्तता, आवास घर, चर्पी, खानेपानीको अवस्था, सिंचाइ, विद्युत र सञ्चार सेवा, घरहरूको भौतिक अवस्था, गोवर ग्यास आदि ।
- **वित्तिय पूजी :** नगद, जिन्सी, कृषि, पशुपालन, पेन्सन, वैदेशिक रोजगार, बचत तथा ऋण समूह, सहकारी, स्थानीय स्रोत साधन आदि ।

## अनुसूची-३

दफा १३.१.३ सँग सम्बन्धित)

## समुदाय तथा वडाहरुको सङ्कटासन्नता तथा क्षमता विश्लेषण

**क. सङ्कटासन्नता स्तरीकरण :**

विगतको क्षति विश्लेषण गरी त्यसबाट प्राप्त अङ्कभारलाई जोडेर समुदाय र वडाको उच्च, मध्यम र न्यून गरी तीन वर्गमा निम्नअनुसार सङ्कटासन्नता स्तरीकरण गर्नु पर्नेछ :

गाउँपालिका : ........................................................................ विपद

| वडा नं. | मानवीय क्षति (२५ प्रतिशत अङ्कभार) | प्रभावित परिवार (१५ प्रतिशत अङ्कभार) | घरको क्षति (१५ प्रतिशत अङ्कभार) | आर्थिक क्षति (१५ प्रतिशत अङ्कभार) | खेतीयोग्य भूमि क्षति (१५ प्रतिशत अङ्कभार) | सामाजिक क्षति (१५ प्रतिशत अङ्कभार) | कूल अङ्कभार (१०० प्रतिशत अङ्कभार) | सङ्कटा-सन्नता स्तरीकरण |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| ..... | | | | | | | | |

**ख. सङ्कटासन्नता स्तरीकरण अङ्कभार आधार**

| क्र.सं. | जोखिमा रहेको तत्व | क्षतिको सूचक | अङ्कभार | प्राप्ताङ्क | वर्गीकरण मापन भार |
|---|---|---|---|---|---|
| १ | मानवीय मृत्यु | ०-१ जना | १ | ०.०४२ | २५ प्रतिशत |
| | | २-३ जना | २ | ०.०८३ | |
| | | ४-५ जना | ३ | ०.१२५ | |
| | | ६ भन्दा माथि | ४ | ०.१६७ | |
| २ | प्रभावित परिवार | ५० परिवार | १ | ०.० २५ | १५ प्रतिशत |
| | | ५१-१०० परिवार | २ | ०.०५० | |
| | | १०१ -३०० परिवार | ३ | ०.०७५ | |
| | | ३०१ परिवार भन्द माथि | ४ | ०.०९९ | |
| ३ | क्षतिग्रस्त परिवार | ०-५ घर | १ | ०.० २५ | १५ प्रतिशत |
| | | ६-१५ घर | २ | ०.०५० | |
| | | १६-५० घर | ३ | ०.०७५ | |
| | | ५० भन्दा बढी घर | ४ | ०.०९९ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | आर्थिक क्षति | ५ लाख रुपैयाँ सम्म | १ | ०.० २५ | १५ प्रतिशत |
| | | ५ लाख १ रूपैयाँ देखि १५ लाख रूपैयाँ सम्म | २ | ०.०५० | |
| | | १५ लाख १ रूपैयाँ देखि २५ लाख रूपैयाँ सम्म | ३ | ०.०७५ | |
| | | २५ लाख रूपैयाँभन्दा बढीका लागि | ४ | ०.०९९ | |
| ५ | खेती योग्य जमित कटान | पाँच रोपनी सम्मका लागि | १ | ०.० २५ | १५ प्रतिशत |
| | | पाँच रोपनी देखि १० रोपनी सम्म | २ | ०.०५० | |
| | | दस रोपनी देखि २० रोपनी सम्म | ३ | ०.०७५ | |
| | | २० रोपनी भन्दा माथि | ४ | ०.०९९ | |
| ६ | सामाजिक प्रभाव | मानिस हराएमा | १ | ०.० २५ | १५ प्रतिशत |
| | | महिला हिंसा भएमा | २ | ०.०५० | |
| | | लुटपाट, हिंसा र अन्य सामाजिक अपराध | ३ | ०.०७५ | |
| | | सामुदायिक संस्था निश्क्रिय भएमा | ४ | ०.०९९ | |
| | **जम्मा** | | | | |

**स्पष्टीकरण :**

उल्लिखित तथ्याङ्कको विश्लेषण गर्दा ६ भागमा विभाजित क्षतिको स्तरअनुसार अङ्क दिने र प्राप्त अङ्कलाई ६ ले भागा गरी प्रतिशतले गुणन गरी १०० ले भागा गरी निस्केको मान नै अङ्कभार हुनेछ। जस्तै माथि नं. १ मा यदी एक जना मानिसको मृत्यु भएको भए त्यसमा १ अङ्क दिइन्छ। सो अङ्कलाई ६ ले भागा गरी २५ ले गुणन गरेर १०० ले भागा गर्‍यो भने ०.०४१७ मान निस्कन्छ । उपरोक्त बमोजिम तथ्याङ्क विश्लेषण गर्दा क्षतिको स्तरका आधारमा निम्न अनुसारको अङ्कभार कायम गरी स्तरीकरण गर्नु पर्नेछ :

| क्र.सं. | अङ्कभार | स्तर |
|---|---|---|
| १ | १ ०.७ देखि ०.७९ अङ्कभार | उच्च सङ्कटासन्न |
| २ | ०.६ देखि ०.६९ अङ्कभार | मध्यम सङ्कटासन्न |
| ३ | ०.५९ भन्दा कम अङ्कभार | न्यून सङ्कटासन्न |

## अनुसूची-४
## (दफा १३.१.४ सँग सम्बन्धित)
## सङ्कटासन्नता, क्षमता तथा जोखिम विश्लेषण प्रतिवेदनको नमुना

### १. गाउँपालिकाको प्रमुख सङ्कटासन्नता :

- जलवायु, हावापानी आदिको अवस्था र प्रभाव।
- प्राकृतिक स्रोत साधन जस्तै जलसम्पदा, ताल, पोखरी, वन सम्पदा, खनिज सम्पदा आदि।
- गाउँ पालिका भित्र भएर बग्ने खोलानाला तथा नदी र त्यसबाट पर्ने प्रभाव
- सडकको अवस्था कालोपत्रे ......किमि, कच्ची मोटरबाटो ......किमि, गोरेटो ............किमि

**१.४ भू-उपयोग :** कृषि, वन, खेर गइरहेको, पानीले ढाकेको चरन, अवास आदि

### २. जनसंख्याको विवरण :

| वडा नं. | घरधुरी विवरण | | | | जनसंख्या | | | अपाङ्गताको विवरण | | उमेर अनुसार जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाति | अन्य | जम्मा | पुरुष | महिला | जम्मा | किसिम | संख्या | ५ वर्ष मुनिका | १२-१२ वर्षका बालबालिक | ६० वर्ष माथिको जनसङ्ख्या |
| १ | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

**३. प्रकोपका अवस्था :** (अनुसूची ५ को १, २ र ३ बमोजिम प्रकोप पात्रो, प्रकोपको स्तरीकरण र प्रकोपको ऐतिहासिक समयरेखाबाट प्राप्त नतिजा लेख्ने)

४ **<u>स्रोतको उपलब्धता तथा पहुँच:</u>** गाउँपालिका वा समुदायमा भएको क्षमता पत्ता लगाउन निम्न अनुसार फारम प्रयोग गर्नुपर्छ। यो फारम समुदायमा भएका स्रोतहरू सङ्कलन गर्दै गाउँ एकीकृत क्षमतको सूची तयार गर्नु पर्नेछ :

| विवरण | नाम र रहेको स्थान (कहाँ) | संख्या (कति) | क्षमता | अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| **भौतिक स्रोत** | | | | | |
| पुल | | | | | |
| सडक | | | | | |
| बाँध | | | | | |
| विद्यालय भवन | | | | | |
| मदरसा | | | | | |
| सुरक्षित आवास तथा स्थान | | | | | |
| सामुदायिक चर्पी | | | | | |
| सञ्चारका साधन | | | | | |
| यातायतका साधन | | | | | |
| पूर्वसूचना प्रणाली | | ३४ | | | |
| लाइफ ज्याकेट | | | | | |
| डुङ्गा | | | | | |
| **मानवीय स्रोत** | | | | | |
| आधारभूत खोज तथा उद्धार तालिम प्राप्त जनशक्ति | | | | | |
| विपद प्रतिकार्य सम्बन्धी तालिम प्राप्त जनशक्ति | | | | | |
| पौडीबाज | | | | | |
| प्राथमिक उपचार तालिम प्राप्त | | | | | |
| ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता | | | | | |
| कृषि सम्बन्धी तालिम प्राप्त व्यक्ति | | | | | |
| शिक्षकक | | | | | |
| र्मचारी | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| स्वयंसेवक | | | | | |
| सिकर्मी | | | | | |
| डकर्मी | | | | | |
| अन्य सीप (उल्लेख गर्नु पर्नेछ) | | | | | |
| **सामाजिक स्रोत** | | | | | |
| सामुदायिक भवन | | | | | |
| पाटी पौवा | | | | | |
| धारा | | | | | |
| मठ मन्दिर | | | | | |
| **सामाजिक संरचना** | | | | | |
| महिला घरमूली | | | | | |
| महिला/आमा समूह | | | | | |
| आयआर्जनमा सक्रिय महिला समूह | | | | | |
| निर्णय तहमा भएका महिला | | | | | |
| शैक्षिक अवस्था (म/पु) | | | | | |
| **आर्थिक स्रोत** | | | | | |
| व्यापार व्यवसाय | | | | | |
| उद्योग कलकारखाना | | | | | |
| नोकरी | | | | | |
| बचत समूह | | | | | |
| समूहको कोष रु | | | | | |
| आपतकालीन कोष रु | | | | | |
| बैंक तथा वित्तीय संस्था | | | | | |
| अन्य (उल्लेख गर्नु पर्नेछ) | | | | | |
| **प्राकृतिक स्रोत** | | | | | |
| खेतीयोग्य भूमि | | | | | |
| सार्वजनिक धारा | | | | | |
| कुवा | | | | | |
| नदीनाला | | | | | |
| ताल तथा पोखरी | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| सिँचाइको साधन र स्रोत | | | | | |
| वनजङ्गल (हेक्टर वा रोपनी) | | | | | |
| खेर गइरहेको जमिन | | | | | |
| **खेती गरिने मुख्य बाली** | **लगाउने समय** | **बाली थन्क्याउने समय** | **उत्पादन (मे. टन)** | **प्रयोग गरिने मल** | **बिउको उपलब्धता** |
| धान | | | | | |
| मकै | | | | | |
| गहुँ | | | | | |
| कोदो | | | | | |
| आलु | | | | | |
| अन्य उल्लेख गर्ने | | | | | |

**नोट : १०००० वर्ग मि. वा २० रोपनी वा १ हेक्टर**

५. **पाश्र्वचित्र मूल अंश:** अनुसूचीमा लल्लेखित सूचना संकलनका औजारहरु प्रयोग गरी प्राप्त सूचनाको विश्लेषणबाट प्राप्त परिणाम उल्लेख गरी आवश्यक देखिएका सुझाव प्रस्तुत गर्नु पर्नेछ । पाश्र्वचित्रको अन्तिममा विश्लेषणका सबै अनुसूचीहरु संलग्न गर्नु पर्नेछ।

## अनुसूची- ५
## (दफा १४.१ सँग सम्बन्धित)
## जोखिम व्यवस्थापन क्रियाकलापको पहिचान तथा प्राथमिकीकरण

समुदाय हुँदै वडा र समग्र गाउँपालिकाको सङ्कटासन्नता तथा क्षमता विश्लेषणबाट प्राप्त नतिजाको आधारमा गाउँपालिकामा सञ्चालन गर्नुपर्ने विपद जोखिम व्यवस्थापनका क्रियाकलाप पहिचान गरी सूचीकृत गर्दा यीनको प्राथमिकता निर्धारण गर्नु पर्नेछ । क्रियाकलापको पहिचान तथा प्राथमिकीकरण (उच च प्राथमिकता प्राप्त क्रियाकलापलाई १ नं .दिने ) निम्नबमोजिमको ढाँचामा समुदायसमेत स्पष्ट हुनेगरी सूचीकृत गर्नु पर्नेछ

| वडा नं. | समुदायको नाम | प्रमुख जोखिम | क्रियाकलाप | प्राथमिकता नं. | पुष्टयाइँ |
|---|---|---|---|---|---|
| १ | | | | | |
| ........ | | | | | |
| | | | | | |

## अनुसूचि ६
## (दफा ३० सँग सम्बन्धित)

प्रकोप पिडितलाइ प्रदान गरिने सहयोग सम्बन्धी विवरण :

| क्र. सं. | पिडितको अवस्था | दिन सकिने राहतको अधिकतम रकमको सीमा | संलग्न गर्नु पर्ने कागजात तथा प्रकृया | कस्ले प्राप्त गर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १ | पीडितको मृत्यु भएमा प्रति परिवार | २५,००० | मृत्युदर्ता प्रमाण पत्र , नाता प्रमाण पत्र, सम्बन्धित वडा कार्यालयको सिफारिश, प्रहरी/वडा मुचुल्का, पिडितको पक्षको निवेदन र नागरिकताको प्रमाण पत्र | कानून अनुसार तोकिएको हकवाला लाई उपलब्ध गराइन | गाउंपालिका अध्यक्षको आदेश अनिवार्य हुनुपन |
| २ | आगलागी तथा बाढी पहिरोको कारण घर पूर्ण रुपमा क्षति ग्रस्त भएमा अर्थात बस्न नहुने भएमा | १५,००० | सम्बन्धित वडा कार्यालयको सिफारिश, प्रहरी/वडा मुचुल्का, पिडितको पक्षको निवेदन र नागरिकताको प्रमाण पत्र । | क्षतिग्रस्त घर धनी | गाउँपालिका अध्यक्षको आदेश अनिवार्य हुनुपन |
| ३ | आगलागि तथा बाढी पहिरोबाट घरगोठ, मतान आदिको आंशिक क्षति भएकोमा प्रति परिवार | १२,००० | सम्बन्धित वडा कार्यालयको सिफारिश, प्रहरी /वडा मुचुल्का, पिडित पक्षको निवेदन र नागरिकताको प्रमाण पत्र,चालु आ.व.मा गाउँपालिकामा कर तिरेको रसिद | क्षतिग्रस्त घर धनी । | गाउँपालिका अध्यक्षको आदेश अनिवार्य हुनुपन |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | आगालागी,बाढी,पहिरो,भुकम्प,चट्याङबाट पशुधन चौपाया आदिको नोक्सान भएमा | क्षति भएको आधारमा रु १२,००० सम्म | सम्बन्धित वडा कार्यालयको सिफारिश, प्रहरी/वडा मुचुल्का, पिडित पक्षको निवेदन र नागरिकताको प्रमाण पत्र,चालु आ.व.मा गाउँपालिकामा कर तिरेको रसिद | क्षतिग्रस्त घर धनी | गाउँपालिका अध्यक्षको आदेश अनिवार्य हुनुपर्ने |
| ५ | आगालागी,बाढी,पहिरो,भुकम्प,चट्याङबाट पशुधन चौपाया आदिको नोक्सान भएमा | १५,००० | सम्बन्धित वडा कार्यालयको सिफारिश, प्रहरी/वडा मुचुल्का, पिडित पक्षको निवेदन र नागरिकताको प्रमाण पत्र,चालु आ.व.मा गाउँपालिकामा कर तिरेको रसिद | कानून अनुसार तोकिएको हकवालालाई उपलब्ध गराइने | गाउँपालिका अध्यक्षको आदेश अनिवार्य हुनुपर्ने |
| ६ | विपदबाट लघुउद्यम, घरेलु तथा साना व्यवसायको सामाग्री र व्यवसाय स्थल क्षति भएमा (बीमा भएको र सरकारी तथा गैरसरकारी निकायबाट अनुदान प्राप्त नगरेका हरुका लागि मात्र) | २०,००० | सम्बन्धित वडा कार्यालयको सिफारिश, प्रहरी/वडा मुचुल्का, पिडित पक्षको निवेदन तथा गाउँपालिकामा व्यवसाय दर्ता र नविकरण गरेको प्रमाण पत्र र चालु आ.व.मा गाउँपालिकामा कर तिरेको रसिद | सम्बन्धित व्यवसायी | गाउँपालिका अध्यक्षको आदेश अनिवार्य हुनुपर्ने |

**प्रमाणिकरण मिति : २२ माघ, २०७४**

**आज्ञाले,**
**रमेश विश्वकर्मा (सुनार)**
**प्रमुख प्रशासकीय अधिकृत**